बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# सामाजिक विकास कार्यालय
काभ्रेपलान्चोक

पत्र सङ्ख्याः ०८२/०८३
चलानी नम्बरः १३४

मितिः २०८२/०८/०२

श्री सबै स्थानीय तहहरु, काभ्रेपलाञ्चोक ।
श्री सबै स्थानीय तहहरु, सिन्धुपाल्चोक ।
श्री सबै स्थानीय तहहरु, रामेछाप ।
श्री सबै स्थानीय तहहरु, दोलखा ।

**विषयः सूचना प्रकाशन गरिदिनुहुन ।**

प्रस्तुत बिषयमा यसै पत्रसाथ संलग्न तपसिल बमोजिमको सूचना तहाँको सूचना पाटी तथा वेवसाइटमा राखी सूचना प्रशारित गर्न सहयोग गरिदिनुहुन अनुरोध छ ।

संलग्न सूचनाहरु

१. **"जिल्ला सेवा केन्द्र / सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरु तथा Safe House का लागि सहयोग कार्यक्रम"** का लागि सामाजिक क्षेत्रमा संलग्न संस्थाहरुबाट प्रस्ताव माग गरिएको सूचना ।
२. **"अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम"** का लागि अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुबाट प्रस्ताव माग गरिएको सूचना ।

रन माया फ्याक
कार्यालय प्रमुख

फोन नं. ०११-६६१४९२
इमेलः sdokavre@gmail.com

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

काभ्रेपलान्चोक

पत्र सङ्ख्या: २०८२/०८३
चलानी नम्बर:

**विषय: प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०२ गते)**

चालु आर्थिक वर्ष २०८२/०८३ मा यस सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **"सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन निर्देशिका, २०७८"** बमोजिम तपशिल अनुसारका कागजातहरु सहित उक्त निर्देशिकाको **अनुसूची -१ को ढाँचामा** सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८२ मङ्सीर १६ गतेसम्म) कार्यालय समयभित्र यस कार्यालयमा प्रस्तावपत्र पेश गर्न कार्यक्रमसँग सम्बन्धित क्षेत्रमा कार्यरत काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाभित्र दर्ता र कार्यक्षेत्र भएका इच्छुक सामाजिक संस्थाहरुका लागि यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रमको नाम | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| जिल्ला सेवा केन्द्र / सामुदायिक सेवा केन्द्र तथा मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरु तथा Safe House का लागि सहयोग कार्यक्रम | **१. संस्थाले देहायका विषयहरु समाविष्ट हुने गरी तोकिएको ढाँचाको प्रस्तावपत्र,**<br>• प्रस्तावपत्र तयार गर्दा लैससास दृष्टिकोण (कार्यक्षेत्रमा समावेशीकरणको लागि अवस्था विश्लेषण, प्राथमिकीकरण, बजेट, कार्यान्वयन र प्रभाव मूल्याङ्कन) सुनिश्चित भएको हुनुपर्नेछ।<br>• सञ्चालकहरुको विवरण, भौतिक संरचना, जनशक्तिको अवस्था, सम्बन्धित क्षेत्रको अनुभव, आन्तरिक तथा अन्य निकायहरुसँगको स्रोत परिचालनको स्थिति र नेपाल सरकार तथा प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको अनुमानित प्रस्ताव<br>• सामाजिक विकास मन्त्रालय तथा अन्तर्गत निकायबाट विगत ३ आ.व. मा निकासा भएको रकम र प्राप्त उपलब्धी<br>२. संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि<br>३.स्थायी लेखा नं. (PAN) दर्ता र गत आर्थिक वर्षको करचुक्ताको प्रमाणपत्र<br>४. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन<br>५.संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल<br>६.संञ्चालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि<br>७.चालु आ.व.मा अन्य सरकारी निकायबाट अनुदान स्वीकृत नभएको व्यहोरा सहितको सम्बन्धित स्थानीय तहको सिफारिस<br>८.अन्य निकायबाट व्यहोरिने स्रोतको हकमा स्रोतको सुनिश्चितता सम्बन्धी प्रमाण<br>९.समाज कल्याण परिषदमा आवद्धता प्रमाणपत्र (महिला सहकारी संस्थाको हकमा नपर्ने) र अन्य आवश्यक कागजातहरु। |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। | |

पुनश्च: नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, **महिला तथा बालबालिका विभागको महिला विकास कार्यक्रम सञ्चालन निर्देशिकाको अनुसूची** २४ मा उल्लेख भएको विषयमा **बागमती प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड,** २०७८ को जिल्लास्तरको खर्चको परिधिभित्र प्रस्ताव पेश गर्नुपर्नेछ।

सम्बन्धित निर्देशिका, अनुसूची फारम लगायत विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट https://sdokavre.bagamati.gov.np/ वा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट https://mosd.bagamati.gov.np/ हेर्न तथा मोबाइल नं. ९८६२००७८७२ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ।

रन बहादुर पाठक
कार्यालय प्रमुख

फोन नं. ०११-६६१४९२ ईमेल: sdokavre@gmail.com

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

**अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तीकरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।**

**प्रकाशित मिति : २०८२/०८/०२**

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेशभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक तालिममार्फत सशक्तीकरणका लागि **'अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम'** सञ्चालन हुने भएको हुँदा **"अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** बमोजिम काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लामा कार्यक्षेत्र भएका अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुबाट तपसिलको कागजातहरु सहित कार्यविधिको **अनुसूची-१ को ढाँचामा कार्यक्रम प्रस्तावपत्र** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८२ मङ्सीर १६ गतेसम्म) यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| अनुदान कार्यक्रम | संघसंस्थाले पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम | १. कार्यविधिको अनुसूची-१ बमोजिमको अनुदान कार्यक्रम प्रस्तावपत्र<br>२. प्रचलित कानून बमोजिम संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नं. (PAN No) दर्ता प्रमाण पत्र प्रतिलिपि<br>३. संस्थाको अघिल्लो आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र, संस्था नवीकरणको प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि<br>४. संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल<br>५. संस्था सञ्चालक समिति गठन सम्बन्धी निर्णय प्रतिलिपि र संस्थाका सञ्चालकहरुको नामनामेसी विवरण (सम्पर्क नं. सहित) तथा तस्विरहरु<br>६. समाज कल्याण परिषदमा आवद्धताको प्रमाणपत्र वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्र<br>७. संस्थाको अनुभव र संस्थाले गरेका मुख्य कार्यहरुको विवरण<br>८. संस्था सञ्चालक समितिले अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि<br>९. जिल्ला समन्वय समितिको सिफारिस सहित कार्यक्षेत्र यकीन गरी पेश गर्नुपर्ने<br>१०. चालु आ.व.मा अन्य सरकारी निकायबाट उल्लखित शीर्षकमा अनुदान स्वीकृत नभएको व्यहोरा सम्बन्धित स्थानीय तहको सिफारिस<br>**कार्यक्रम प्रस्ताव पत्र तयार तथा पेश गर्दा ध्यान दिनु पर्ने मुख्य बुँदाहरु:-**<br>• कार्यक्रम प्रस्ताव गर्दा स्वीकृत कार्यक्रमको लक्ष्य अनुरुप मात्र प्रस्ताव गर्नुपर्नेछ<br>• प्रस्तावित कार्यक्रमको आवश्यकता र औचित्य तथा अपेक्षित प्रतिफलका बीचमा सह सम्बन्ध (Interlinkage) हुनु पर्नेछ<br>• संस्थाको भौतिक पूर्वाधार विवरण सम्बन्धी प्रस्तावनामा उल्लेख गर्दा उक्त बुँदामा उल्लेख गरिएका कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ<br>• प्रस्तावित कार्यक्रमको बजेटमा संस्थाको आन्तरिक तथा अन्य निकायहरुसँगको स्रोत साझेदारी परिचालनको अंश उल्लेख भएको पत्र<br>• प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको प्रस्ताव गर्नु पर्नेछ |

स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। साथै चालु आ.व.मा मन्त्रालय तथा अन्तर्गतका कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भइसकेका संस्थाहरुले यस कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न पाउने छैनन्।

पुनश्च: "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाइट http://www.mosd.bagamati.gov.np र यस कार्यालयको वेबसाइट https://sdokavre.bagamati.gov.np/ हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८६२००७८७२ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ।

रन नाथ पयाक
कार्यालय प्रमुख